ताप्ली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

रुपाटार , उदयपुरद्वारा स्वीकृत

# स्थानीय सेवा तह बृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि,२०८०

**१.प्रस्तावना**

कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० बमोजिम ताप्ली गाउँपालिका, गाउँ कार्यपालिकाले स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तहवृद्धि तथा बढुवा सम्बन्धी कामकाजलाई ब्यवस्थित गर्न बाञ्छनीय भएकोले ,

स्थानीय सेवा (गठन तथ सञ्चालन) अध्यादेश,२०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी ताप्ली गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

**२.संक्षिप्त नाम र प्रारम्भ** –(१) यो कार्यविधिको नाम" **ताप्ली गाउँ पालिकाको स्थानीय सेवा तह बृद्धि तथा बढुवा सम्बन्धि कार्यविधि, २०८०** " हुनेछ ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ ।

**३.परिभाषा**- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "**अध्यादेश**" भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० सम्झनु पर्दछ ।

(२) "**कर्मचारी**" भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविकका स्थानीय निकाय, विकास समिति, संघीय निजामती सेवाबाट स्थानीय तहमा समायोजन भएका र संघीय तथा प्रदेश लोकसेवा आयोगबाट स्थानीय तहको लागि सिफारिस भै आएका सबै प्रकारका स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(३) " **कार्यालय** " भन्नाले ताप्ली गाउँपालिका सम्झनु पर्दछ ।

(४) " **गाउँ कार्यपालिका** " ताप्ली गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(५) "**प्रदेश लोक सेवा आयोग**" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग विराटनगरलाई सम्झनु पर्दछ ।

(६) " **प्रमुख प्रशासकीय अधिकृत** " भन्नाले स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १११ बमोजिमका अधिकृतलाई जनाउने छ ।

(७) "**समायोजन ऐन**" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

**४.सूचना प्रकाशन सम्बन्धि ब्यवस्था** – (१) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा १ बमोजिम तहबृद्धिका लागि प्रत्येक वर्षको ज्येष्ठ महिना र मंसीर महिनाको अन्तिम हप्तामा तह बृद्धिका लागि सम्भाव्य उम्मेदवारहरुको जानकारीका लागि ३०(तीस) दिनको म्याद दिई अनुसूची-१ अनुसारको दरखास्त आव्हान सम्बन्धि सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) तह बृद्धिका लागि उपदफा १ बमोजिम सुचनामा तोकिएको मिति भित्र दरखास्त दिने उम्मेदवारहरुले दरखास्तका साथमा पछिल्लो ३ वर्षको कार्य सम्पादन मुल्याकन र स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा १ बमोजिम न्युनतम शैक्षिक योग्यता हासिल गरेको शैक्षिक प्रमाण पत्रका प्रमाणित प्रतिलिपिहरु सम्लग्न गर्नु पर्नेछ ।

**५. सिफारिस समिति गठन सम्बन्धी ब्यवस्था —** (१) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा ३ बमोजिमको देहाय अनुसारको तहबृद्धि सिफारिस समिति रहने छ ।

**देहाय**

(क) प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष

(ख) गाउँपालिकाका बरिष्ठ कर्मचारी मध्ये एक जना महिला सहित गाउँ कार्यपालिकाले तोकेको २ जना कर्मचारी -सदस्य

(२) उपदफा १ बमोजिम गठित समितिको सचिवालयको रुपमा कार्य गर्ने गरी गाउँपालिकाको प्रशासन शाखाले काम गर्नेछ ।

(३) समितिको बैठक सम्बन्धि कार्यविधि समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

**६ आवश्यक न्युनतम शैक्षिक योग्यता र सेवा अवधी सम्बन्धी ब्यवस्था —**

(१) दफा ४ को उपदफा १ बमोजिम तह बृद्धिका लागि स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा १ बमोजिमको न्युनतम शैक्षिक योग्यता पुरा भएको हुनु पर्नेछ ।

(२) दफा ४ को उपदफा १ बमोजिम तहबृद्धिका लागि हाल नियुक्ति भएको पदको सेवा अबधी दरखास्त दिने अन्तिम मिति सम्ममा पाँच वर्ष पुरा भएको हुनु पर्नेछ ।

(३) दफा ७ को उपदफा ३ बमोजिमको बढुवाका लागि स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २९ को उपदफा १ बमोजिम न्युनतम शैक्षिक योग्यता पुरा भएको हुनु पर्नेछ ।

(४) दफा ७ को उपदफा ३ बमोजिमको बढुवाका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २९ को उपदफा १ बमोजिमको सेवा अवधी पुरा भएको हुनु पर्नेछ ।

**७ तहबृद्धि सम्बन्धी विशेष ब्यवस्था —**

(१) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा ८ को उपदफा १४ बमोजिम सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले पाँचौ तहको तहबृद्धि सम्बन्धि निर्णय गरी नियुक्ति पत्र दिइनेछ ।

(२) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा ८ को उपदफा १६ बमोजिम निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधी ५ वर्ष पुरा गरेका पाँचौ,सातौ र नवौ तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रकृया पुरा गरी क्रमश छैटौ,आठौ र दशौ तहमा एक तह बृद्धि गरिनेछ ।

(३) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा ८ को उपदफा १६ बमोजिम अधिकृतस्तर सातौ र नवौ तहका पदहरुमा अध्यादेशको दफा २९ को प्रकृया पुरा गरी अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ ।

(४) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परिक्षाद्धारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भईसकेका कर्मचारीलाई स्थानीय सेवाको सातौ तहका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौ तह कायम गरी दिने । यसरी सातौ तह कायम गर्नु पूर्व संगठन तथा ब्यवस्थापन सर्वेक्षणमा सो दरबन्दि रहेमा सोही बमोजिम र नरहेमा संगठन संरचना तथा दरबन्दी स्विकृत गरेर मात्र तह कायम गर्नु पर्नेछ ।

(५) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा ४ को उपदफा ५ बमोजिमको तह बृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति दिनु पर्नेछ ।

(६) यस गाउँपालिका अन्तर्गत दरबन्दी भएका तर अन्यत्रै कामकाजमा खटिएका कर्मचारीको हकमा पदाधिकार रहेकै कार्यालयमा तहबृद्धि गरिनेछ ।

(७) नियुक्ति पत्र दिदा अनुसूची - २ को ढाँचामा दिनु पर्नेछ ।

**८.ज्येष्ठता सम्बन्धि ब्यवस्था —**

(१)तहबृद्धि हुने कर्मचारीको स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा २८ को उपदफा २ बमोजिम प्रत्येक आर्थिक वर्षको श्रावण १ गते र माघ १ गते बाट ज्येष्ठता कायम हुनेछ ।

**९. बाधा अडकाउ फूकाउने सम्बन्धी ब्यवस्था -**

(१) कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउन प्रदेश लोक सेवा आयोगसंग गाउँ कार्यपालिकाले परामर्श लिन सक्ने छ ।

**१०. तहबृद्धि गर्न नहुने सम्बन्धि ब्यवस्था -**

(१) देहायको अवस्था रहेमा तह बृद्धिका लागि उम्मेदवार हुन पाउने छैन ।

देहाय-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर ,

(ख) तह बृद्धि वा बढुवा रोक्का भएकोमा सो अवधिभर ,

(ग) तलब बृद्धि रोक्का भएकोमा सो अवधिभर ,

(घ) सेवा समुह परिवर्तन गरेको भए सो भएको ३ वर्ष पुरा नभएको ,

(ङ) असाधारण वा अध्ययन विदामा बसेको भए सो विदाको अवधिभर ,

(च) स्थानीय सेवास्थ्य सेवाको कर्मचारिको हकमा कानुन बमोजिम ब्यवसायीक परिषदमा दर्ता नभएको वा नविकरण नगरेको वा निलम्बनमा रहेको भए सो अवधिभर,

**११. जानकारी दिनु पर्ने सम्बन्धि ब्यवस्था -**

(१) दफा ७ बमोजिम तहबृद्धि भएको मितिले पन्द्र दिन भित्रमा सो को जानकारी प्रदेश किताबखाना, मुख्यमन्त्री तथा मन्त्रिपरषदको कार्यालय र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

**१२. उजुरी/गुनासो सम्बन्धि ब्यवस्था**- (१) यो कार्यविधि बमोजिम तह बृद्धिको निर्णय उपर चित्त नबुझे तह बृद्धिको निर्णय भएको मितिले २१ दिन भित्र प्रदेश लोकसेवा आयोगमा निवेदन दिन सक्नेछन ।

**१३. प्रचलित कानुन बमोजिम हुने ब्यवस्था**-(१) यस कार्यविधिमा उल्लेख भएको हकमा कार्यविधि बमोजिम र नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची- १

कार्यविधिको दफा ४ को उपदफा १ सँग सम्बन्धित

मितिः ................................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
ताप्ली गाउँपालिका कार्यालय, रुपाटार , उदयपुर।

विषयः- **तह बृद्धि सम्बन्धमा** ।

प्रस्तुत विषयमा **ताप्ली गाउँपालिकाको स्थानीय सेवा तह बृद्धि तथा बढुवा सम्बन्धि कार्यविधि, २०८०** " को दफा ७ को उपदफा .................. बमोजिम देहायका प्रमाण पत्रहरु सम्लग्न राखी तहबृद्धि/बढुवा का लागि यो निवेदन पेश गरेको छु ।

**निवेदनका साथ पेश गरेका कागजातहरु**

क) समायोजन पत्रको प्रतिलिपि ।

ख) नियुक्ति पत्रको प्रतिलिपि ।

ग) तोकिएको शैक्षिक योग्यताको लब्धाँक पत्र र चारित्रिक प्रमाण पत्रको उम्मेदवार स्वयंले प्रमाणित गरेको प्रति ।

निवेदक

कर्मचारीको नाम/थरः- ..............................................
संकेत नं.ः- ................................................
समायोजन मितिः- ..........................................
हालको पद र तहः- ...........................................
समुहः- .............................................................

**अनुसूची -२**

कार्यविधिको दफा ७ उपदफा ७ संग सम्बन्धित
(कार्यालयको लेटर हेड)

मिति-.

विषय- तह बृद्धि / तह कायम सम्बन्धमा ।

महाशय,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा ............बमोजिम तपाईलाई यस कार्यालयको मिति ............. को निर्णय अनुसार मिति .....................देखि ज्येष्ठता कायम हुने गरी देहाय बमोजिमको पदमा तहबृद्धि / तह कायम गरिएको छ ।

तहबृद्धि हुनु भएकोमा बधाई छ ।

| **हालको विवरण** | **तहबृद्धि / कायम भएको विवरण** |
|---|---|
| पद-<br>तह-<br>सेवा-<br>समुह-<br>कार्यालय- | पद -<br>तह-<br>सेवा-<br>समुह -<br>कार्यालय- |

श्री .....................................

संकेत नं.................................

............................
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ-</u>

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर ।
श्री प्रदेश लोक सेवा आयोग , कोशी प्रदेश विराटनगर ।
श्री प्रदेश निजामति किताबखाना , कोशी प्रदेश विराटनगर ।
श्री कर्मचारी सञ्चय कोष , कोशी प्रदेश विराटनगर ।
श्री नागरिक लगानी कोष, कोशी प्रदेश विराटनगर ।
श्री आर्थिक प्रशासन शाखा, ताप्ली गाउँपालिका उदयपुर।

आज्ञाले
भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत